**Sub.Code : 006'A'**

# NEB - GRADE XII

## अनिवार्य नेपाली

## नमुना प्रश्नपत्र (२०७७)

विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ । पूर्णाङ्कः- ४०

समय : १ घण्टा ३० मिनेट

१. तलका वर्णको उच्चारण स्थान र प्रयत्न चिनाउनुहोस् : २

ख्, ह्

२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस्: २

मान्छे लाई वैगुनी भन्नुपर्ने कारणै यहि हो ऊ गुणको पारख गर्नुको साटो बेईज्जती गर्छन् ।

३. तलको अनुच्छेदबाट दुई दुईओटा आगन्तुक र तत्सम शब्द खोजी लेख्नुहोस्: २

पुलाउ खाऊ आउ, टोप र टाई प्याइन्टलुन लाऊ; तिम्रो परिवारलाई घर आवास र मन्दिर दिन्छौँ तिमी नजाऊ ।

४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : १×३=३

क) तल दिइएका उपसर्ग लगाई एक एक शब्द बनाउनुहोस् :

उपसर्ग : अन, अति, सु,

प्रत्यय : अन्ते, इम, त्व ।

ख) तलको अनुच्छेदबाट छओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् :

विद्यार्थीहरू विद्यालयमा पढ्छन् । पर्यटकहरू हिमालमा चढ्छन् । आधुनिक युगमा प्रत्येक नागरिकले यस्तै महत्वपूर्ण कार्य गरे देश विकसित हुन समय लाग्दैन । गणतान्त्रिक मुलुकले सर्वाङ्गीण विकासका लागि सदैव व्यावहारिक तथा जीवनपयोगी ज्ञान प्रदान गर्ने उद्देश्य लिनु पर्दछ ।

५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ३

क) तलको अनुच्छेदमा रेखाङ्कित गरिएका कारक पहिचान गरी लेख्नुहोस् ।

<u>काकाले</u> पोखराबाट <u>बसद्वारा</u> ल्याएका <u>सुन्तला</u> केही गाउँलेलाई बाँडी केही

*क्रमशः*

छोराछोरीका लागि भनी घरमा राख्नु भएको रहेछ । भोलिपल्ट हेर्दा सबै सुन्तला चोरले झोलामा राखेर लगेको पाउँदा उहाँ क्रुद्ध भई उसलाई गाली गर्दै डङ्ग्रङ्ग भुइँमा लड्नु भएछ ।

ख) तलका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस्:

दिदी र बहिनी तिजमा माइत आइन् । उसले तिज रमाइलो गरी मनाए । बुबा खुसी भइन् । आमा हर्षले गद्गद भयो ।

६. कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : १×४=४

क) आवश्यक कुरा थपघट गरी तलका वाक्यहरूलाई वाच्य परिर्वतन गरी पुनर्लेखन गर्नुहोस्:

यस पटक बिदामा वृद्धाश्रम गइन्छ । त्यहाँ वृद्धहरूको सेवा गरिन्छ । फलफूल बाँडिन्छ । कपडा वितरण गरिने छ । उनीहरूको सरसफाइमा ध्यान दिइने छ। यो कुरा प्रशासनमा भनिने छ। यसरी अरूलाई पनि समाजसेवा गर्न प्रेरित गरिने छ। यसैमा आनन्द पाइने छ।

ख) तल दिइएका आठओटा सरल वाक्यलाई चारओटा जटिल वाक्यमा परिवर्तन गर्नुहोस् :

हावाहुरी चल्यो । पानी पर्‍यो । कृषक रमाए । खेततिर लागे । कृषकले खेत खने, उनीहरूले खेती लगाए । कृषकले मेहनत गर्छन् । त्यसको फल सबैले पाउँछन् ।

७. तलको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : ४

वायु मण्डल विभिन्न ग्याँसहरू मिली बनेको हुन्छ । वायु मण्डलमा आयतनका हिसाबले सबभन्दा बढी नाइट्रोजन र अक्सिजन रहेका छन् भने धुलाको कण, जलवाष्प, मिथेन ओजोन, कार्वन डाइअक्साइड, नाइट्रस अक्साइडले हरित गृह प्रभावमा प्रमुख भूमिका खेलेका हुन्छन् । सूर्यबाट विभिन्न विकिरण आइरहेका हुन्छन् । तीमध्ये लघु तरङ्का विकिरणहरू पृथ्वीका सहतमा आइपुगेपछि दीर्घ तरङ्गी विकिरणमा बदलिन्छन् । ती दीर्घ तरङ्गका विकिरणहरू परावर्तित भएर अन्तरिक्षतर्फ नै फर्किने गर्दछन् तर वायुमण्डलमा रहेका विभिन्न ग्याँसमध्ये हरित गृह ग्याँसहरूले ती दीर्घ तरङ्गका विकिरणलाई अन्तरिक्षतर्फ जान रोकी आफैले सोसेर राख्दछन् ।

**प्रश्नहरू** :

क) हरित गृहमा प्रभाव पार्ने तत्त्वहरु के के हुन् ?

ख) माथिको अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुनसक्छ ?

*क्रमशः*

८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

क) बढ्दो सडक दुर्घटना न्यूनीकरणका लागि जनचेतनामूलक समाचार प्रकाशित गर्न अनुरोध गर्दै स्थानीय राष्ट्रिय दैनिकका सम्पादकलाई चिठी लेख्नुहोस् ।

ख) 'स्वच्छ खानेपानी पिउने बानी बसालौँ' भन्ने आशयको स्वास्थ्य मन्त्रालयबाट प्रकाशित विज्ञापनको नमुना तयार पार्नुहोस् ।

९. तलका कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : ५

क) विज्ञान र प्रविधिको महत्त्व

ख) मेरो जीवनको लक्ष्य

१०. 'नालापानीमा' एकाङ्कीको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : ५

छोरा, नरो अझ धैर्य गर्, अरूलाई काँतर स्वर नसुना, जन्मभूमिको लाज बचा, जातिलाई छिः नभना । मर्नै पर्दछ एक दिन निश्चय दुई दिनकै हो देह भने त्यसको ममता छोडि दे अमर यशले देश बना । दुःखलाई नमान् अपमान गरी आँसुलाई फिर्ता गरि दे, तेरो सहनशीलता देखी बल अझ बढ्ला भाइमा लाख गुना । मेरो काखमा जति जति तैँले तप तप रगत चुहाइस यो, उति उति मातृऋण तिरँ, पुत्र बरु सन्तोष मना । भनी

**प्रश्न**

'नालापानीमा' एकाङ्कीको माथिको अंशमा धरतीले नेपाली सिपाही नरे कार्कीलाई के कस्तो आह्वान गरेको छ ?

११. तल दिइएको निबन्धांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् : ५

जेसुकै होस्, म सधैँ आलु खान्छु तर मलाई सधैँ आलु खान डर लाग्छ किनभने म पनि बिसौँ शताब्दीकै आलु मान्छे, जसको कर्म हो आलु खानु, तर धर्म हो आलु खाएर पेडाको धाक लगाउनु ।

**प्रश्नहरू:**

अ) यस निबन्धांशका लेखक को हुन् ?

आ) लेखकलाई आलु खान किन डर लागेको हो ?

इ) मानवीय कर्म र धर्ममा के भिन्नता छ ?

ई) 'आलु खाएर पेडाको धाक लगाउनु' भन्नुको तात्पर्य के हो ?

उ) 'आलु मान्छे' ले के कस्ता मानवलाई सङ्केत गरेको छ ?

अथवा

'नेपाली हामी रहौँला कहाँ नेपालै नरहे' भन्ने भनाइप्रति तपाईंको दृष्टिकोण कस्तो छ ? 'नेपालै नरहे' कविताका आधारमा प्रतिक्रिया लेख्नुहोस् ।

- o -